# खप्तडछान्ना गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पसलबगर,बझाङ्ग
सुदूरपश्चिमप्रदेश नेपाल

बैठक संख्या – ४८

मितिः २०८३/०४/०६

नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य सञ्चालन गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले खप्तडछान्ना गाउँ कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधी, २०७४ को दफा १० बमोजिम गाउँपालिका अध्यक्ष श्री उत्तम बहादुर रोकाया ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

<u>तपसिल</u>

अध्यक्ष श्री उत्तम बहादुर रोकाया
उपाध्यक्ष श्री विष्णु कुमार थापा
७ नं वडा अध्यक्ष (प्रवक्ता) श्री रमानन्द जोशी
१ नं वडा अध्यक्ष श्री देवीभक्त जोशी
२ नं वडा अध्यक्ष श्री ज्योती प्रकास बोगटी
३ नं का.वा.वडा अध्यक्ष श्री तुलसी कुमारी जोशी पाध्या
४ नं वडा अध्यक्ष श्री ईश्वर बहादुर रोकाया
५ नं का.वा.वडा अध्यक्ष श्री अनिता सिह
६ नं वडा अध्यक्ष श्री तेज बहादुर खड्का
कार्यपालिका सदस्य श्री लक्ष्मी सार्की
कार्यपालिका सदस्य श्री बुलु देवी आग्री
कार्यपालिका सदस्य श्री मना देवी खड्का
कार्यपालिका सदस्य श्री सर्मिला देवी रोकाया
कार्यपालिका सदस्य श्री प्रकास सुनार
कार्यपालिका सदस्य श्री जोगी सार्की
सदस्य सचिव श्री विजय प्रकाश गिरी

प्रस्तावहरु

१. आधारभूत अस्पतालको लागि जनशक्ति र औषधी उपकरण माग सम्वन्धमा।

२. पक्की पुल माग सम्वन्धमा ।

३. सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धमा ।

४. आधारभूत अस्पताल ब्यवस्थापक समिति पूर्णता सम्वन्धमा ।

५. आर्थिक सहयोग सम्वन्धमा ।

६. कार्य सम्झौता तथा अख्तियारी सम्वन्धमा ।

७. कर्मचारी सेवा सुविधा सम्वन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खप्तडछान्ना गाउँपालिका आधारभूत अस्पताल मिति २०८३/०४/०१ गते उद्घाटन भै संचालनमा रहेकोले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ,काठमाडौ द्धारा निर्माण गरिएको आधारभूत अस्पताल सचालन मापदण्ड,२०८१ को परिच्छेद २ को ७ बमोजिम ताहाँ प्रदेश सरकारबाट आधारभूत अस्पताल मा चाहिने जनशक्ति र औषधी उपकरणको ब्यबस्थापनको लागि सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस खप्तडछान्ना गाउँपालिकामा आधारभूत अस्पताल संचालनमा रहेको स्थानमा जानआउनका लागि सेंती लोकमार्गदिखि आधारभूत अस्पतालको विचमा गर्ने भैसातर्ने स्थानमा पक्की मोटर पुल निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय सिहदरबार काठमाडौ र सुदूरपश्चिम प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय धनगढीलाई माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस खप्तडछान्ना गाउँपालिका अन्तर्गत रहेका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको केही मात्रामा बसोबास धनगढी कैलाली भएकाले उक्त लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नविकरण गर्न कार्यालयबाट प्रतिनिधि खटाई सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस खप्तडछान्ना गाउँपालिकामा संचालन भएको खप्तडछान्ना आधारभूत अस्पताल ब्यवस्थापन समिति गठन प्रकियामा कार्यपालिकाबाट मनोनित गर्नुपर्ने भएकाले खप्तडछान्ना गाउँपालिका वडा न ५ बस्ने श्री नैन बहादुर सिह र खप्तडछान्ना गाउँपालिका वडा न ४ बस्ने सरला नेपालीलाई मनोनित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विभिन्न स्थानका विपद बाट क्षति भएका र आर्थिक अवस्था कमजोर भएका ब्यक्तिहरुमा विभिन्न घातक रोगहरु प्रमाणित भएको, विभिन्न कार्यक्रम अनुसारको भुक्तानीका लागि तपसिलका ब्यक्तिहरुले यस खप्तडछान्ना गाउँपालिका आर्थिक सहयोगका लागि निबेदन दर्ता गरेकाले निम्नानुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

CS CamScanner

तपसिल

| सि.न. | नामथर | वडा न | रकम | किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | डवल प्रसाद भट्टराई | १ | ४०००० | क्यान्सर | |
| २ | शैलेन्द्र के सी | ७ | १००००० | एम.बि.बि.एस. पढ्ने विद्यार्थी | |

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल सरकार,प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न प्रचलित कानुन बमोजिम खसडछान्ना गाउँपालिका गाउँकार्यपालिका को आ.व. २०८३/२०८४ को सम्पूर्ण अख्तियारी प्रमुख प्रशासकीय अधिकृत श्री विजय प्रकाश गिरीलाई दिने र गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विच कार्य सम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकार,प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा संचालन हुदै आएका विभिन्न कार्यक्रममा कार्यरत प्राविधिक कर्मचारीहरु लाई खसडछान्ना गाउँपालिका करार कर्मचारी ब्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ र नेपाल सरकारबाट प्राप्त निर्देशन अनुसार स्थानीय भत्ता र महगी भत्ता दिने निर्णय गरियो ।

CamScanner